☎ ०६७ ४२१११५
vsdtcp@gmail.com

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# व्यावसायिक तथा सीप विकास तालीम केन्द्र
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७५/७६
चलानी नं. :- ७१

मितिः २०७५/११/२१

विषयः सूचना टाँस गरी जानकारी पठाइदिनुहुन ।

**श्री स्थानीय तह (सबै)**
धौलागिरी अञ्चल

उपर्युक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७५/११/२१ गते प्रकाशित सूचनाहरू थान २ (दुई) यसै पत्रसाथ संलग्न छन् । उक्त सूचनाहरू तहाँ स्थानीय तह तथा अन्तर्गतका कार्यालयहरूमा प्रचार प्रसारका लागि टाँस गरी यस कार्यालयलाई जानकारी पठाईदिनुहुन अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**केन्द्र प्रमुख**

(१)

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# व्यावसायिक तथा सीप विकास तालीम केन्द्र
## कुश्मा, पर्वत
## गण्डकी प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति २०७५/११/२१**

व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, पर्वतबाट आ.व.२०७५/०७६ मा सञ्चालन गरिने देहाय अनुसारका आधारभूत सीप विकास तालीमहरु लिन इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्रमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । तालीमहरु नि:शुल्क सञ्चालन हुनेछन ।

**१.सञ्चालन हुने तालीमहरु :-**

| सि.नं. | तालीमको विषय | तालीमको अवधि | न्यूनतम शैक्षिक योग्यता (प्रशिक्षार्थीको) | तालीम सञ्चालन हुने स्थान |
|---|---|---|---|---|
| १ | कम्प्यूटर (आधारभूत) | ३ महिने | एस.एल.सी.उत्तीर्ण | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, कुश्मा, पर्वत । |
| २ | केश श्रृंगार | ३ महिने | कक्षा ८ उत्तीर्ण | |
| ३ | कटाई-सिलाई | ३ महिने | कक्षा ८ उत्तीर्ण | |

**तालीम लिन इच्छुक प्रशिक्षार्थीहरुले पालना गर्नुपर्ने शर्तहरु :-**

(१) प्रशिक्षार्थीले आवेदन फाराममा रु.१० को टिकट टाँसी नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट.साइजको १ प्रति फोटो राखी २०७५/११/३० गते (सो दिन विदा परेमा भोलिपल्ट) सम्म कार्यालय समय भित्र यस केन्द्रमा आवेदन पेशगर्नुपर्नेछ ।

(२) उम्मेदवार छनौट गर्दा महिला, दलित, अपाङ्ग, शहीद परिवार, विपन्न, एकल महिला र भूकम्प पीडित व्यक्ति तथा परिवारलाई प्राथमिकता दिइनेछ ।

(३) तालीम लिन इच्छुक उम्मेदवारको उमेर १८-४० वर्षको हुनुपर्नेछ । प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताबाट गरिनेछ । एक समूहमा औषत २० -२५ जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईनेछ ।

(४) अन्तर्वार्ता :- सम्पर्क मितिमा तोकिने छ ।

(५) सम्पर्क मिति :- २०७५/१२/०१ गते ।

(६) अन्य जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

..............................
(नेत्रप्रसाद पौडेल)
केन्द्र प्रमुख

नेत्रप्रसाद पौडेल
केन्द्र प्रमुख

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालीम केन्द्र**
**कुश्मा, पर्वत**
**गण्डकी प्रदेश, नेपाल**

(४)

## सूचना ! सूचना !! सूचना !!!

**प्रथम पटक प्रकाशित मिति २०७५/११/२१**

व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, पर्वतबाट आ.व.२०७५/०७६ मा सञ्चालन गरिने देहाय अनुसारका आधारभूत सीप विकास तालीमहरु सञ्चालन गर्न/गराउन इच्छुक स्थानीय तह, गैरनाफामूलक गैरसरकारी, संघ/संस्था सामुदायिक वा सामाजिक संघ/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्रमा रीतपूर्वक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । तालीम सञ्चालन गरेबापत तालिम सामग्री, उपकरण र प्रशिक्षक बाहेक अन्य थप सुविधा दिइने छैन ।

**१.स्थानीय तह, गैरनाफामूलक गैरसरकारी /सामुदायिक/ सामाजिक संघ/संस्थाहरुको सहकार्यमा सञ्चालन गरिने तालीमहरु :**

| सि.नं | तालीमको विषय | तालीमको अवधि | न्यूनतम सहभागी संख्या | न्यूनतम शैक्षिक योग्यता | प्रस्ताव फाराम पाइने स्थान |
|---|---|---|---|---|---|
| १ | ईलेक्ट्रोनिक्स (मोबाइल फोन मर्मत) समेत | ३ महिने | २० | कक्षा ८ उत्तीर्ण | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, कुश्मा, पर्वत । |
| २ | विद्युत जडान | ३ महिने | २० | कक्षा ८ उत्तीर्ण | |
| ३ | प्लम्बिङ्ग | ३ महिने | २० | कक्षा ८ उत्तीर्ण | |
| ४ | मोटर साईकल मर्मत | ३ महिने | २० | कक्षा ८ उत्तीर्ण | |

**तालीम सञ्चालन गर्न इच्छुक निकाय वा संघ/संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु :-**

(क) संस्था दर्ताको प्रतिलिपि, संस्था नवीकरणको प्रतिलिपि, लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि, समाज कल्याण परिषद्मा आवद्धताको प्रमाणपत्र, पान नं./मु.अ.कर दर्ता स्वीकृत विधानको प्रतिलिपि संलग्न राखी संस्थाको आधिकारिक पदाधिकारीबाट लिखित अनुरोध पत्र सहित तोकिएको प्रस्ताव फाराम शुल्क रु.२००।- (अक्षरुपी रुपैया दुई सय) तिरी यस केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

(ख) तालीम सञ्चालन गर्न योग्य भई छनौट भएका संघसंस्थाहरुले यस केन्दबाट तालीम समापन भएपछि फिर्ता हुने गरी तालीम सामग्री, तालीम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक प्राप्त गर्नेछन । तालीम सञ्चालनका लागि थप व्यवस्थापन एवम् तालीम कक्ष लगायतका सुविधा संघ/संस्थाहरुले नै निःशुल्क उपलब्ध गराउनुपर्नेछ । प्रशिक्षार्थीहरुसँग कुनै शुल्क लिन पाइने छैन ।

(ग) तालीम सञ्चालन गर्नका लागि स्वीकृति दिने /नदिने अन्तिम निर्णय केन्द्रमा सुरक्षित रहनेछ । अन्य प्रासाङ्गिक विषयहरु व्यावसायिक तथा सीप विकास तालीम केन्द्रमा (कार्यालय समयमा) सम्पर्क गरी बुझ्न सकिनेछ ।

..........................
**(नेत्रप्रसाद पौडेल)**
**केन्द्र प्रमुख**
**नेत्रप्रसाद पौडेल**